**भारतीय राजदूतावास**

**काठमाडौँ**

# प्रेस विज्ञप्ति

काठमाडौँस्थित भारतीय राजदूतावासले मिति २०८३ असार १२ गतेदेखि १४ गतेसम्म त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदान र मुलपानी क्रिकेट रङ्गशालामा इन्डियन एम्बासेडर्स क्रिकेट टुर्नामेन्टको दोस्रो संस्करण सफलतापूर्वक आयोजना गऱ्यो । यस प्रतियोगितामा भारतीय राजदूतावास, नेपालको परराष्ट्र मन्त्रालय, काठमाडौँस्थित कूटनीतिक समुदाय, नेपाली मिडिया, पूर्व नेपाली क्रिकेट खेलाडीहरु, नेपाल सरकारका अधिकारीहरु, कर्पोरेट संस्थाहरु र नेपालमा रहेका भारतीय प्रवासीहरु (आईसीएएन) को प्रतिनिधित्व गर्ने आठ टोलीहरुको सहभागिता रहेको थियो ।

२. प्रतियोगिताको उद्घाटन समारोह असार १२ गते नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तव, नेपालको परराष्ट्र मन्त्रालयका सहसचिव (दक्षिण एसिया महाशाखा) श्री गेहेन्द्र राजभण्डारी र अन्य वरिष्ठ कूटनीतिक प्रतिनिधिहरुको उपस्थितिमा सम्पन्न भएको थियो ।

३. तीन दिनको उत्साहपूर्ण र प्रतिस्पर्धात्मक खेलपछि असार १४ गते भारतीय राजदूतावास र आईसीएएनबीचको रोमाञ्चक फाइनल खेलसँगै प्रतियोगिता समापन भयो । खेलपश्चात् नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तव र आयोजक साझेदारका प्रतिनिधिहरुले विजयी टोली तथा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरुलाई ट्रफी र पुरस्कार प्रदान गर्नुभयो ।

४. प्रतियोगिताको सफलताको उत्सव मनाउन असार १५ गते एक रिसेप्सनको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा नेपालका लागि भारतीय राजदूतका साथै अन्य विशिष्ट महानुभावहरुको उपस्थिति रहेको थियो। राजदूतले प्रतियोगिताका लागि पुऱ्याएको सहयोगप्रति नेपाल क्रिकेट संघ (क्यान) र अन्य आयोजक साझेदारहरुलाई धन्यवाद व्यक्त गर्नुभयो ।

५. राजदूतले तीन जना आशालाग्दा नेपाली यु-१९ महिला क्रिकेट खेलाडीहरु- सुश्री सना प्रवीण, सुश्री कृष्मा गुरुङ र सुश्री सावित्री धामीलाई व्यावसायिक स्तरको क्रिकेट किटहरुसमेत प्रदान गर्नुभयो र आगामी वर्ष तय भएको आईसीसी यु-१९ महिला टी-२० विश्वकपमा सफलताको शुभकामना पनि दिनुभयो ।

६. यो प्रतियोगिताले खेलकुदको माध्यमबाट नेपालसँगको जनता-जनताको सम्बन्धलाई सुदृढ बनाउने र देशका युवा खेलकुद प्रतिभाहरुको विकासलाई सहयोग गर्ने भारतको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ ।

२०८३ असार १६

काठमाडौँ